अध्यक्ष

# भृकुटी सामुदायिक वन उपभोक्ता समुह
## बुद्धभुमी न.पा.-०१ कपिलबस्तु
## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८२-०५-१७

यस सामुदायिक वनको स्वीकृत वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना बमोजिम डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) बाट आ.व.०८१/०८२ मा पुनरुत्पादन तथा ढलापडा कटानबाट उत्पादन भई भृकुटी सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेका निम्न परिमाणका वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक स:मिल वा कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता र डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित यो सुचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन सम्म बोलपत्र यस समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ ।

१. वन पैदावारको विवरण:

| क.सं | लट नं | जात | ग्रेड | थान | परिमाण (क्यु.फि.) | न्यूनतम मुल्य प्रति ईकाइ दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | धाड नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | असना | A | १३ | १९७.५२ | ४०० | ७९००८ | प्रति क्यू. फिट रु. १२२ | १,२,३, ४,५ र ६ | RF/FT |
| | | असना | B | ३३ | २८९.८९ | ३०० | ८६९६७ | | | |
| | | असना | C | २०६ | ६०९.६ | १०० | ६०९६० | | | |
| | | बाँझी | N | ६ | ३४.५७ | १०० | ३४५७ | | | |
| | | बर्रो | N | ६ | ११३.११ | २०० | २२६२२ | | | |
| | | बोटधाईरो | N | १० | १८ | १०० | १८०० | | | |
| | | दबदबे | N | ३२ | २००.७६ | १०० | २००७६ | | | |
| | | गुटेल | N | ८५ | २६२.८६ | १०० | २६२८६ | | | |
| | | जामुन | A | २ | २४.९९ | ४०० | ९९९६ | | | |
| | | जामुन | B | ८ | ८९.९२ | ३०० | २६९७६ | | | |
| | | जामुन | C | ५० | १५३.२४ | १०० | १५३२४ | | | |
| | | कुसुम | N | २४ | ८८.४७ | १०० | ८८४७ | | | |
| | | राजबृक्ष | N | ५ | ११.१३ | १०० | १११३ | | | |
| | | साल | A | ३ | ९९.३७ | १२५० | १२४२१३ | | | |
| | | साल | B | ३ | २१.८८ | ९०० | १९६९२ | | | |
| | | साल | C | २५ | ८५.३२ | ६०० | ५११९२ | | | |
| | | साल | D | २ | २.०२ | ३०० | ६०६ | | | |
| | | जम्मा | | ५१३ | २३०२.६५ | | ५५९१३५ | | | |
| | | साल दाउरा चट्टा | | | १ | १२००० | १२००० | प्रति चट्टा रु. १४००० | | |
| | | अन्य दाउरा चट्टा | | | ६ | ४००० | २४००० | | | |
| | | जम्मा | | | ७ | | ३६००० | | | |
| | | कुल जम्मा | | | | | ५९५१३५ | | | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय : क) अन्तिम मिति : २०८२-०५-३१ ख) समय : कार्यालय समय

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय: क) अन्तिम मिति : २०८२-०६-०१ ख) समय : दिनको १२ बजे

४. बोलपत्र खोल्ने मिति र समय : क) मिति :२०८२-०६-०१ ख) समय : दिनको २ बजे

भृकुटी सामुदायिक वन उपभोक्ता समुह
बुद्धभुमी न.पा.-०१ कपिलबस्तु
वन पैदावार बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

अध्यक्ष

५. बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको तोकिएकै समयमा बोलपत्र खरिद वा दाखिला वा खोल्न सकिनेछ ।

६. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस समूहको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, तौलिहवा शाखामा रहेको खाता नं. ३११०१००००९३१२००१मा जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक जमानत समावेश हुनुपर्नेछ ।

७. बोलपत्र फारम प्रति लटको रु १००० पछि फिर्ता नहुने गरी समुहको बैंक खातामा जम्मा गरेको सक्कल भौचर सहित यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी समूहमा दाखिला गर्नु पर्नेछ ।

८. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र समुहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

९. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपराइटर वा निजको सक्कल मञ्जुरीनामा रहेको प्रतिनिधिले मात्र आवश्यक कागजात सहित बोलपत्र खरिद गर्न पर्नेछ ।

१०. निधारित न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु कार्यालय प्रतिनिधिको रोहवरमा माथि उल्लेखित मिति र समयमा खोलिनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, नियमानुसार लाग्ने कर, संङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

१२. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहका अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । फोटोकपी, समूहको छाप नलागेको र समूहका अध्यक्षको दस्तखत नभएको बोलपत्र मान्य हुने छैन ।

१३. बोलपत्र फाराम जसले खरिद गरेको छ उसैको नामबाट पेश गर्नु पर्नेछ ।अन्यको नाम वा फर्मबाट पेश गरेमा मान्य हुने छैन ।

१४. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अङ्क र क्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१५. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ

१६. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।